नेपाल सरकार

# उर्जा मन्त्रालय

*उर्जा मन्त्रलयवाट स्वीकृत पहिलो संशोधन मिति २०६८।११।१७*

## जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०६८

विद्युत नियमावली, २०५० को नियम ९४क. ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

(१) यस निर्देशिकाको नाम "**जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०६८**" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०६८ को दफा ५ पछि देहायको दफा ५क. थप गरिएकोछ :-

"५क.दोस्रो पटक सर्वेक्षण अनुमतिपत्र दिन सकिने व्यवस्था : कुनै प्रवर्धकले जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्रको नवीकरणकोलागि उक्त अनुमतिपत्र बहाल रहेको म्याद भित्रै दरखास्त नदिएको वा दरखास्त दिएर पनि अन्य कुनै कारणवाट सर्वेक्षण अनुमतिपत्र नवीकरण नभएको अवस्थामा निज प्रवर्धकवाट सोही जलविद्युत आयोजनाकोलागि नयाँ अनुमतिपत्रकोलागि माग भई आएमा, उक्त आयोजनाकोलागि निजको पहिलो दरखास्त भएमा, सम्पूर्ण प्रक्रिया पुरा भएको र विगतमा अनुमतिपत्र वहाल रहेको अवधिमा कार्य प्रगति पनि सन्तोषजनक पाईएमा सोही जलविद्युत आयोजनाको नयाँ सर्वेक्षण अनुमतिपत्र दिन सकिनेछ।यस्तो सर्वेक्षण अनुमतिपत्रको कुल अवधि गणना गर्दा पहिलो सर्वेक्षण अनुमतिपत्रको अवधि पनि गणना गरी जम्मा ५ वर्ष अवधि ननाधिने गरी नयाँ सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिनेछ"